बैठक सङ्ख्या : ३२
मिति : २०८१।०७।२७ गते
समय : दिनको १२:३० बजे
स्थान : पुथा उत्तरगङ्गा गाउँपालिकाको कार्यालय

आज मिति २०८१ साल कार्तिक महिनाको २७ गते मंगलबार दिनको १२:३० बजे यस पुथा उत्तरगङ्गा गाउँपालिकाका अध्यक्ष एवम् कार्यपालिकाका अध्यक्ष श्री पुनीराज घर्तीज्यूको अध्यक्षतामा पुथा उत्तरगङ्गा गाउँ कार्यपालिकाको ३२ औं बैठक बसी तपसिलका उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु गरियो ।

**तपसिल :**

| | |
|---|---|
| पुनीराज घर्ती | कार्यपालिका अध्यक्ष |
| विरमान कामी | १ नं. वडा अध्यक्ष |
| टिकासाई घर्ती मगर | ५ नं. वडा अध्यक्ष |
| चित्र बहादुर बुढा | ७ नं. वडा अध्यक्ष |
| हर्क प्रसाद रोका | ९ नं. वडा अध्यक्ष |
| भरत बुढा | १० नं. वडा अध्यक्ष |
| कुमार सिंह | ११ नं. वडा अध्यक्ष |
| दिलमान पुन | १२ नं. वडा अध्यक्ष |
| ग्वारी बुढा मगर | कार्यपालिका सदस्य |
| जानु छन्तेल | कार्यपालिका सदस्य |
| आउसी बुढा | २ नं. का वा वडा अध्यक्ष |
| दल बहादुर शाही | ८ नं. वडा सदस्य |
| जुन प्रसाद बुढा | १३ नं. वडा सदस्य |
| ध्रुव वि.क. | सदस्य सचिव |

**अन्य उपस्थिति :**

| | |
|---|---|
| हरि चन्द्र वि क | कम्प्युटर अपरेटर |
| हिक्मत पोखरेल | कम्प्युटर अपरेटर |

**३२ औं गाउँ कार्यपालिका बैठकका एजेण्डाहरू :**

१. अघिल्लो बैठकको निर्णयहरूको समीक्षा तथा कार्यान्वयन सम्बन्धमा ।
२. कार्यविधि तथा मापदण्डको कार्यन्वयन सम्बन्धमा
३.'घ' वर्गका निर्माण व्यवसायीहरूको इजाजत पत्र सम्बन्धमा
४.योजनाहरूको कार्यान्वयन सम्बन्धमा
५. प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यन्वयन सम्बन्धमा
६. विविध ।
६.१ सुनदह र राक्से दहको नक्सामा नाम फेरबदल भएको विषयमा छलफल सम्बन्धमा ।
६.२ गाउँपालिकाको शिक्षा ऐन, नियमावली विपरित सामाजिक सञ्जालमा अनावश्यक पोष्ट गर्ने शिक्षकहरूको बारेमा छलफल सम्बन्धमा ।

६.३. सार्वजनिक खरिद इकाई समिति गठन तथा कार्यक्षेत्र तय सम्बन्धमा ।

६.४. विषयगत शाखाको SOP मापदण्ड स्वीकृत सम्बन्धमा ।

**निर्णयहरू :**

१. यस गाउँ कार्यपालिकाको ३० औं बैठकबाट ३१ औं कार्यपालिका बैठक यस गाउँपालिकाको वडा नं. ३ स्थित सुनदहमा बस्ने भनी निर्णय गरेबमोजिम ३१ औं कार्यपालिका बैठक सुनदहमा बसेको र उक्त बैठकमा भएका विभिन्न निर्णयहरू कार्यान्वयनको समीक्षात्मक छलफल गर्दै सदस्यहरूको गणपूरक सङ्ख्या पुगेकोले ३२ औं कार्यपालिका बैठक प्रारम्भ गरियो ।

२. यस गाउँपालिकाभित्र करको दायरा फराकिलो पार्दै कर प्रणालीलाई व्यवस्थित गर्न, व्यवसाय दर्ता एवम् नवीकरण कार्यलाई सरल, सहज र प्रभावकारी बनाउन, गाउँपालिकाको बजार क्षेत्रको नियमनलाई पारदर्शी र व्यवस्थित गर्न, बालबालिकासम्बन्धी संविधानमा भएको मौलिक हकको अधिकार सुनिश्चित गर्न, स्थानीय तहको कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्चको मीतव्यायीता कायम गर्न र सबै स्थानीय बासीलाई सञ्चार क्षेत्रको पहुँचमा पुऱ्याउने कार्यलाई व्यवस्थित गर्नका लागि आवश्यक पर्ने कानुनी आधारका लागि नेपालको संविधानको अनुसूची-८ रस्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा-११ ले दिएको अधिकारको प्रयोग गर्दै तपसिलका कार्यविधि, निर्देशिका र मापदण्डहरू अनुमोदन गर्ने ।

**तपसिल :**

- एकीकृत सम्पत्ति कर सम्बन्धी कार्यविधि, २०८१
- व्यावसायी कर सम्बन्धी कार्यविधि, २०८१
- घर बहाल कर सम्बन्धी कार्यविधि, २०८१
- बजार अनुगमन निर्देशिका, २०८१
- बालगृह सञ्चालन कार्यविधि, २०८१
- बालगृह सञ्चालन तथा व्यवस्थापन मापदण्ड, २०८१
- स्थानीय तहको कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०८१
- एफ.एम. रेडियो व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०८१
- गाउँपालिका भित्रका भवनहरुको मापदण्ड २०८१

३. "घ" वर्गको इजाजतपत्र प्राप्त गर्नको निर्माण व्यावसायीहरूले पेश गरेको निवेदन र आवश्यक कागजातहरूलाई अध्ययन गर्दा यस गाउँपालिकाले निर्माण गरेको "घ" वर्गकोनिर्माण व्यावसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम तपसिलका निर्माण व्यावसायीहरूलाई "घ" वर्गको इजाजतपत्र प्रदान गर्ने ।

**तपसिल :**

- सुनदह राक्से निर्माण सेवा, पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं. ३
- हुकाम निर्माण सेवा एण्ड सप्लायर्स, पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं. ५
- नम्छैंगवों कन्स्ट्रक्सन प्रा.लि., पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं. ५
- आवाज बिल्डर्स प्रा.लि., पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं. ५

CamScanner

४. आ.व. २०८१।०८२ मा कार्यान्वयनका लागि सङ्घीय सरकार सशर्त अनुदानको वित्तीय हस्तान्तरणअन्तर्गत स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण अनुदान बजेट शिर्षक मार्फत यस गाउँपालिकामा प्राप्त भएको कार्यक्रम कार्यान्वयनको लागि शिक्षा समितिको मिति २०८०।११।२९ गतेको ४ औं बैठकको निर्णयानुसार तपसिलका विद्यालयहरूमा कार्यान्वयन गर्ने ।

तपसिल :

- आदर्श आ वि डिम्मुरगैरा - रु. ६५ लाख
- सानोभेरी आ वि खारखोला - रु. ६५ लाख
- जनज्योति मा वि जाङ - रु. ६५ लाख

५. आ.व. २०८१।०८२ मा कार्यान्वयनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत यस गाउँपालिकामा प्राप्त रोजगारी सिर्जना(नेपाल सरकार) अन्तर्गतको बजेट रु. २३,४४,०००। र युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना (आई डि ए) अन्तर्गतको बजेट रकम रु. २६,७२,०००। अन्तर्गतको कार्यक्रम कार्यान्वयनको लागि देहायका वडाहरूमा निम्नानुसार वजेट विनियोजन गर्ने ।

तपसिल :

मैकोट-दुले पदमार्ग निर्माण वडा नं. १ - रु ३ लाख (नेपाल सरकार)
पेल्मा-यमाखार पदमार्ग मर्मतवडा नं. २ - रु ३ लाख (नेपाल सरकार)
चिर्पुक खानेपानी निर्माण वडा नं. ३ - रु ३ लाख(नेपाल सरकार)
स्यालाजित खानेपानी निर्माण घुन्माखोला वडा नं. ४- रु ३ लाख(नेपाल सरकार)
सिनचि खाँवा खानेपानी निर्माण हुकाम वडा नं. ५ - रु ३ लाख (नेपाल सरकार)
वडा नं. ६ - रु ३ लाख (नेपाल सरकार)
सिमलचौर देखि जाङ सम्म सडक मर्मत वडा नं. ७ - रु ३ लाख (नेपाल सरकार)
रुमधारा देखि चुमा सम्म पदमार्ग निर्माण वडा नं. ८ - रु ३ लाख (आई डि ए)
हालबाङ काठे पुल निर्माण वडा नं. ९ - रु ६ लाख (आई डि ए)
महेन्द्र मावि देखि वयाली डाँडा सम्म पदमार्ग निर्माण वडा नं. १० - रु ३ लाख (आई डि ए)
दोमै हुँदै भेडाखोर सम्म पदमार्ग निर्माण वडा नं. ११ - रु ३ लाख (आई डि ए)
कोल गाउँ देखि वर्बाङ गाउँ हुँदै काईबाङ सम्म गोरेटो बाटो निर्माण वडा नं. १२ - रु ३ लाख (आई डि ए)
विर्गुम-ताँसे गोरेटो बाटो निर्माण वडा नं. १३ - रु. १ लाख ५० हजार (आई डि ए)
सेबाङ खानेपानी मर्मत वडा नं. १३ - रु १ लाख ५० हजार (आई डि ए)
सिद्दमण्डली आ वि राङ्सी खेलमैदान मर्मत वडा नं. १४ - रु ३ लाख (आई डि ए)

६. विविध सम्बन्धमा ।

६.१ नक्सामा सुनदह र राक्से दहको नक्सामा नाम फेरबदल भएको हुँदा नाम सच्याउनको लागि सम्वन्धित निकायहरूसँग समन्वय गर्ने ।

६.२ गाउँपालिकाको शिक्षा ऐन, नियमावली विपरित सामाजिक सञ्जालमा अनावश्यक पोष्ट गर्नेसबै प्रकारका शिक्षकहरूलाई राय सहितको स्पष्टीकरण माग गरी स्पष्टीकरण उचित नदेखिमा आवश्यक कारबाही प्रक्रिया अगाडि बढाउने ।

६.३. यस पुथा उत्तरगङ्गा गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट कार्यान्वयनको लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ बमोजिम गाउँपालिकाको खरिद सम्बन्धी कार्यलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउन देहाय बमोजिमको"सार्वजनिक खरिद इकाई"समिति गठन गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र.स. | नाम थर | कार्यालयको भुमिका | इकाईको जिम्मेवारी |
|---|---|---|---|
| १ | ध्रुव वि.क. | प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| २ | पदमसिंह बडाल | लेखा शाखा प्रमुख | सदस्य |
| ३ | सविना भाट | योजना शाखा प्रमुख | सदस्य |
| ४ | इन्द्रजित गामी | पूर्वाधार शाखा प्रमुख | सदस्य |
| ५ | भिम प्रकाश के सी | जिन्सी शाखा प्रमुख | सदस्य |

साथै गठित सार्वजनिक खरिद इकाई समितिले तपसिल बमोजिमको कार्यक्षेत्र तय गर्ने निर्णय गरियो ।

तपसिल

गाउँपालिकाको वार्षिक खरिद योजना )Annual Procurement Plan) तयार गर्ने ।

खरिद विधि बोलपत्र), कोटेसन वा सोझै खरिदगर्ने को छनौट र कार्यान्वयन ( ।

बोलपत्र सम्बन्धी कागजात )Standard Bidding Documents) तयार गर्ने ।

खरिद प्रक्रियाको अनुगमन र मूल्यांकन गर्ने ।

सार्वजनिक खरिद अनुगमन कार्यालय )PPMO) सँग समन्वय गर्ने ।

६.४. पुथा उत्तरगङ्गा गाउँपालिका अन्तर्गत तपसिलका विषयगत शाखाले यस कार्यपालिकामा पेश गरेको Standard Operating Procedure (SOP) स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

- योजना शाखा Standard Operating Procedure (SOP)
- लेखा शाखा Standard Operating Procedure (SOP)
- महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा Standard Operating Procedure (SOP)
- प्रशासन शाखा Standard Operating Procedure (SOP)
- भौतिक पूर्वाधार शाखा Standard Operating Procedure (SOP)

CamScanner